# सलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६।०३।३१

यस नगरपालिका क्षेत्रभित्र सडकको क्षेत्राधिकारभन्दा बाहिर फिदिम नगरपालिकाको बसपार्क क्षेत्रमा लाग्ने साप्ताहिक हाटबजार तथा पार्किङ शुल्क आ.व. ०७६।७७ को लागि शिलबन्दीबाट ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । ठेक्का लिन चाहने इच्छुक फर्म वा संस्थाले तपसिलको शर्तमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

१.आ.व.०७६।७७ को लागि पार्कि शूल्क बापत ५,००,०००।०० र हाटबजारतर्फ १,००,०००।०० गरी जम्मा न्युनतम ६,००,०००।०० रहेको छ ।

२.हाटबजार तथा पार्किङ शल्क उठाउने अवधि २०७६।०५।०१ देखि लागू हुने गरी २०७७ असार मसान्तसम्म हुनेछ ।

३.शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित मितिले १५औं दिनको कार्यालय समय भित्र खरिद गरी सक्नुपर्नेछ । खरिद भएको दरभाउपत्र १६ औं दिन दिनको १२ बजे भित्र कार्यालयमा दाखिला गरीसक्नुपर्नेछ । १६ औं दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट बुझाउन सकिनेछ । सोही दिन दिनको ठिक २:०० बजे नगरपालिकामा खोलिनेछ र शिलबन्दी दरभाउपत्र खोल्दा प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र फाराम रु.१,०००।०० (अक्षरेपी रु. एक हजार मात्र ) फिर्ता नहुने गरी बिक्रि गरिनेछ ।

५. सबै भन्दा बढी कबोल गर्ने फर्म वा संस्थालाई ठेक्का प्रदान गरिनेछ ।

६.कबोल गरेको ठेक्काको रकम एकमुष्ठ नगद बुझाउनुपर्नेछ ।

७. ठेक्का कबोल गरेको अंकको ५ प्रतिशत फिदिम नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ०६७०३००००००००३०००००३ जम्मा गरेको भौचर संलग्न गर्नुपर्नेछ ।

८. ठेक्का स्वीकृत भएको मितिले ७(सात) दिन भित्रमा चलनपूर्जि लिइसक्नुपर्नेछ । अन्यथा, धरौटी रकम स्वत जफत हुनेछ ।

९. चलनपूर्जी लिनुभन्दा अगावै स्वीकार गरेको सम्पूर्ण रकम यस नगरपालिका कार्यालयको नाममा नेपाल बैंक लिमिटेड राजश्व खाता नं ०६७०३००००००००४००१००८ रहेको खातामा जम्मा गी सोको बैंक भौचर नगरपालिकामा पेश गरेपछी मात्र चलनपूर्जि दिइनेछ ।

१०. एक फर्म वा संस्थालाई एउटा मात्र फारम दिईनेछ ।

११. शिलबन्दी फारम आधिकारीक प्रमाणित भएको हुनुपर्नेछ ।

१२. नगरपालिकालाई तिर्नुपर्ने कुनै बाँकी बक्यौता रहेका व्यक्ति वा संस्थाको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिने छैन ।

१३. हाटबजार तथा पार्किङ शूल्क सम्बन्धी अन्य जानकारीको लागि नगरपालिकामा सम्पर्क गर्नुहोला।

१४. अन्य उल्लेखित बाहेकका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५.शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहीत रहनेछ ।

विनोद कुमार दाहाल

१६..अन्य विस्तुत जानकारीका लागि कार्यालय समयं भित्र यस नगरपालिकामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

१७.फाराम भर्ने फर्म वा संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि, प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. ०७४।०७५ को करचुक्ताको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

फिदिम नगरपालिका

विनोद कुमार दाहाल
प्रमुख प्रशासकीय अधिकृत